आज मिति २०७३।०६।१२ गते बिहान ८:०० बजे छिन्डीकोट गाउँ कार्यपालिकाको नियमित बैठक गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्कीज्यूको अध्यक्षता र तपसिलको उपस्थितीमा बैठक बसी देहाय अनुसार निर्णय आयिको गरिन्छ।

उपस्थिती:-

१. गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्की
२. गाउँपालिका उपाध्यक्ष श्री कान्ता अधिकारी
३. वडा अध्यक्ष वडा नं. १ चिरन्जीवी पोखरेल
४. ,, ,, ,, २ ओम प्रसाद पोखरेल
५. ,, ,, ,, ३ श्री नारायण बहादुर के.सी.
६. ,, ,, ,, ४ श्री सोम बहादुर कार्की
७. ,, ,, ,, ५ श्री मन बहादुर अस्लामी
८. ,, ,, ,, ६ श्री प्रकाश रायमाझी
९. ,, ,, ,, ७ श्री दान बहादुर कुँवर
१०. ,, ,, ,, ८ श्री चुरा बहादुर दहरी मगर
११. कार्यपालिका सदस्य श्री मिना कुमारी राना
१२. ,, ,, श्री रन्जना रवनाल
१३. ,, ,, श्री गोमा थापा
१४. ,, ,, श्री शर्मिला नेपाली
१५. ,, ,, श्री सुनिला बस्याल
१६. ,, ,, श्री गीता कोशाल
१७. सदस्य सचिव श्री पवन डाथोल
१८. आमन्त्रित श्री रवक लाल गन्धर्व ,मोहित

**प्रस्तावहरु :-**

१. आलुको विउ वितरण सम्बन्धमा

२. अवरुद्ध बाटो सरसफाई तथा मर्मत सम्बन्धमा

३. खेलकुद कार्यक्रम सम्बन्धमा

४. शुभकामना आदान प्रदान सम्बन्धमा

**निर्णयहरु :-**

१. रिब्दीकोट गाउँपालिकामा उत्पादन हुने कृषि उपज मध्ये आलु पनि एक प्रमुख उत्पादन भएको तथा किसानहरुबाट आलुको विउको लागि उच्च माग भएको र आलुको सिजन समेत नजिकिई सकेकोले माग भए बमोजिमको आलुको विउ छोटो विधिबाट खरिद गरी ५० प्रतिसत अनुदानमा वितरण गर्ने साथै विगतका वर्षमा आलु खरिद गर्दा Vendor ले ढुवानी खर्च पालिकाबाटै लिएकाले यो वर्ष पनि ढुवानी खर्च पालिकाबाटै व्यहोर्ने तथा उक्त सबै कामका लागि एक वडा एक उत्पादन शिर्षकमा रहेको रकम मध्येबाट खर्च लेख्ने । साथै कृषकको माग अनुरुप घाँसको विउ खरिद गरी वितरण गर्ने र सो को भुक्तानी पशु विकास कार्यक्रम शीर्षकबाट दिने ।

२. वर्षातको कारण सबै वडाका बाटाहरु अवरुद्ध हुन पुगेकोले सबै वडाहरुमा तत्काल बाटो सुचारु गर्न वडा अध्यक्षहरुले आफ्नो निगरानीमा सम्पूर्ण रुपले आफु जिम्मेवार हुने गरी डोजर प्रयोग गरी बाटो सुचारु गराउने साथै हार्थोक छहराको बाटोमा खाल्डा खुल्डी परी दुर्घटनाको जोखिम बढेको भन्ने आम जनगुनासोलाई मध्यनजर गरी उक्त बाटोको खाल्डा खुल्डी पुर्ने कार्य गाउँपालिका अध्यक्षको निगरानीमा गर्ने ।था उक्त सबै कार्यका लागि आकस्मिक सडक मर्मत शिर्षकबाट खर्च लेख्ने ।

३. सबै वडामा वडाको भौगोलिक अवस्था अनुरुपको वडास्तरीय खेल संचालन गर्न वडा नं. २ लाई १ लाख र अन्य सबै वडालाई ५०/५० हजार रुपैंयाँ खर्च गर्न दिने र सो को भुक्तानी कार्यालयबाट कार्यक्रम स्वीकृत गराई कार्यक्रम सम्पन्न भए पछि बिल भरपाईको आधारमा खेलकुद सप्ताह शीर्षकबाट दिने ।

४. नेपालीहरुका नजिकिदै गरेका महान चाड दशैं, तिहार, छट, नेपाल सम्वत लगायतको उपलक्ष्यमा शुभकामना आदान प्रदान गरियो ।